**बैठक संख्या ८**

आज मिति २०७४ साल पौष १ गते शनिवारका दिन तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको बैठक समितिका अध्यक्ष एवम नगर प्रमुख श्री बासुदेव घिमिरेको अध्यक्षतामा वसी तपसिल बमोजिमको उपस्थितीमा निम्नअनुसारका निर्णयहरु गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १. | नगर प्रमुख श्री बासुदेब घिमिरे | नगर कार्यपालिका अध्यक्ष |
| २. | नगर उप. प्रमुख श्री जगेश्वर देवी चौधरी | नगरसभा सदस्य |
| ३. | वडा अध्यक्ष श्री तामानाथ पाण्डेय | नगरसभा सदस्य |
| ४. | वडा अध्यक्ष श्री दधिराम गौतम | नगरसभा सदस्य |
| ५. | वडा अध्यक्ष श्री टंक प्रसाद तिवारी | नगरसभा सदस्य |
| ६. | वडा अध्यक्ष श्री दिवाकर ढकाल | नगरसभा सदस्य |
| ७. | वडा अध्यक्ष श्री चेत नारायण भण्डारी | नगरसभा सदस्य |
| ८. | वडा अध्यक्ष श्री सुखदेव न्यौपान | नगरसभा सदस्य |
| ९. | वडा अध्यक्ष श्री दुर्गाप्रसाद पाण्ड | नगरसभा सदस्य |
| १०. | वडा अध्यक्ष श्री कृष्णप्रसाद पौडेल | नगरसभा सदस्य |
| ११. | वडा अध्यक्ष श्री नारायण न्यौपान | नगरसभा सदस्य |
| १२ | वडा अध्यक्ष श्री व्यास मुन थारु | नगरसभा सदस्य |
| १३. | वडा अध्यक्ष श्री मुक्तिनारायण चौधरी थारु | नगरसभा सदस्य |
| १४. | वडा अध्यक्ष श्री सहदेव थारु | नगरसभा सदस्य |
| १५. | वडा अध्यक्ष श्री गणेश न्यौपाने | नगरसभा सदस्य |
| १६. | वडा अध्यक्ष श्री सोहन प्रसाद थारु | नगरसभा सदस्य |
| १७. | वडा अध्यक्ष श्री खेमराज गुरुङ्ग | नगरसभा सदस्य |
| १८. | वडा अध्यक्ष श्री झविलाल भुसाल | नगरसभा सदस्य |
| १९. | वडा अध्यक्ष श्री दान बहादुर चौधरी | नगरसभा सदस्य |
| २०. | श्री गिता कुमारी सापकोटा | नगरसभा सदस्य |
| २१. | श्री गायत्री पाण्डे | नगरसभा सदस्य |
| २२. | श्री संगिता गुरुङ | नगरसभा सदस्य |
| २३. | श्री राधा शाही | नगरसभा सदस्य |
| २४. | श्री मिरा कुमारी वि.क. | नगरसभा सदस्य |
| २५. | श्री लक्ष्मण दमाई नेपाली | नगरसभा सदस्य |
| २६. | श्री सुरेन्द्र विश्वकर्मा | नगरसभा सदस्य |
| २७. | श्री हर्क बहादुर सार्की रम्तेल | नगरसभा सदस्य |
| २८. | श्री कृष्ण प्रसाद सापकोटा | नगरसभा सदस्य सचिव |
| २९ | श्री जिवन तिमिल्सिना | |

अन्य उपस्थिती:

१. लेखा अधिकृत श्री राजेन्द्र प्रसाद आचार्य
२. इन्जिनियर श्री प्रदीप वन
३. स.क.अ. भगवती तिवारी
४. ना.सु. सीता भण्डारी

प्रस्तावहरु :

- राजमार्ग आसपासका घरहरुमा लगाउने रङ्ग (Master Colour) तोक्ने सम्बन्धमा ।
- विधेयक उपसमिति गठन गर्ने सम्बन्धमा ।
- नगर सभा आव्हान गर्ने सम्बन्धमा ।
- सरसफाई नारा तय गर्न सम्बन्धमा ।
- तिलोत्तमा व्यापार संघद्धारा आयोजना गर्न लागिएको व्यापार महोत्सवलाई आर्थिक सहयोग
- तिलोत्तमा गौशाला व्यवस्थापन सम्बन्धमा ।
- योजना परिवर्तन सम्बन्धमा ।
- नगर कार्यपालिकाका समितिहरु कार्यप्रगतिको समीक्षा सम्बन्धमा ।

निर्णयहरु :

- नगरको सौन्दर्यता अभिवृद्धि, नगरवासीमा सामुहिकताको भावना विकासका लागि योगीकुटी चोकदेखि कोटीहवासम्मको सिद्धार्थ राजमार्गका दाया बाया निर्माणाधिन तथा निर्माण भईसकेका घरहरुमा लगाउने Master Colour तोकि कार्यपालिकालाई जानकारी गराउने अख्तियारी नगरप्रमुखलाई प्रत्यायोजन गरियो । साथै भवन निर्माण ईजाजत प्रदान गर्ने समयमा नै उक्त तोकिएको रङ्गको समेत ईजाजत प्रदान गर्ने व्यवस्था नगरपालिकाले मिलाउने निर्णय गरियो ।
- नगर कार्यपालिकाद्धारा गठन गरिएको विद्येयक समितिलाई सहजीकरण गर्न, नगरपालिकाले तयार पार्नुपर्ने क्षेत्रगत नीति, विद्येयक, कार्यविधि, दिग्दर्शन, मापदण्ड लगायतका नीतिगत विषयहरुको मस्यौदा तयार पार्न नगरपालिकाका कानूनी सल्लाहकार एवं अधिवक्ता श्री खुमाकान्त पौडेल (ति.न.पा. ३) संयोजक, र सदस्यहरुमा पूर्व प्रशासक टिकाराम घिमिरे, (तिलोत्तमा नगरपालिका वार्ड नं २), अधिवक्ता लेखनाथ ढकाल (बु.न.पा.- ४) रहेको तीन सदस्यीय मस्यौदा तयारी उपसमिति गठन गर्ने निर्णय गरियो । उक्त उपसमितिलाई नगरपालिकाले निर्माण गर्नुपर्ने सबै प्रकारका नीतिहरुको प्रारम्भिक मस्यौदा तयार पार्ने जिम्मेवारी दिने र उपसमितिको कार्यशर्त (ToR) कार्यपालिकाले तोके बमोजिम हुने निर्णय गरियो । उक्त बियेक मस्यौदा समितिले संविधान अनुसार तत्काल निर्माण गर्नुपर्ने विधेयकहरुको मस्यौदा माघमा बस्ने नगरसभामा पेश गर्ने गरी तयार पारी विद्येयक मस्यौदा समितिमा पेश गर्ने व्यवस्था मिलाउने समेत निर्णय गरियो ।
- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ बमोजिम बस्नु पर्ने नगर सभाको वैठक २०७४ माघ ८ गते सुरु गर्ने र उक्त सभामा पेश गर्नुपर्ने वित्तीय विवरण (आम्दानी, खर्च, रकमान्तर गर्नुपर्ने भए सो समेत) योजना, घरजग्गा नक्सापास, शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा, सहकारी लगायतका क्षेत्रगत र विषयगत रुपमा नगरपालिककाबाट सम्पादन भएका र हुने क्रियाकलापहरुको समष्टिगत विवरण नगरपालिका भित्रका तत् तत् शाखाले तयार पारी नगर प्रमुख समक्ष पौष २७ गते भित्र पेश गर्न नगरपापिलकालाई निर्देश गर्ने निर्णय गरियो ।

- नगरपालिकाले चलाई रहेको नगर सरसफाई अभियानलाई दीगो र समुदायमा आधारित बनाउनको लागि क्लिन तिलोत्तमा ग्रिन तिलोत्तमा (Clean Tilottoma, Green Tilottoma) भन्ने नारा तय गरी सरसफाई अभियानलाई प्रत्येक वडा कार्यालयले आ आफ्नो क्षेत्रमा सघन रुपमा संचालन गरी त्यसको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।
- तिलोत्तमा व्यापार संघले मिति २०७४।९।६ गते देखि **व्यावसायिक दक्षता अभिवृद्धि र स्वरोजगार : सदृढ आर्थिक विकासका निम्ति व्यापार विस्तार** भन्ने मूल नाराका साथ आयोजना गर्न लागेको व्यापार मेलालाई रु ७०००००। (अक्षेरुपी रु. सात लाख रुपैया) समपुरक कोष अर्न्तगत संस्थागत, साझेदारी शिर्षकबाट ब्यापार ब्यवसाय प्रर्वधनका लागी बजेट उपलब्ध गराउने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिका वार्ड नं १ र ८ मा रहेको गौशालालाई व्यवस्थित रुपमा संचालन गर्नको लागि गौशाला व्यवस्थापन समिति, नगरपालिका, अन्य सरोकारवाला संघसंस्थाहरु बीच वैठक बसी आवश्यक रणनीति तय गर्ने निर्णय गरियो ।
- नगर कार्यपालिकाका समिति तथा नगर कार्यपालिकाले गठन गरेका अन्य समितिहरुले आफ्नो कार्य शर्त अनुसारका कामहरुको प्रगति विवरण तयार पारी कार्यपालिकाको आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।
- चालु आवका योजनाका सम्बन्धमा देहाय बमोजिका नीतिगत व्यवस्था अवलम्वन गर्ने निर्णय गरियो
  - योजना तर्जुमाका सन्दर्भमा ५० प्रतिशत लागत अनुदान बाहेकमा माग गरेको योजना भुलवस ५० प्रतिशत लागत सहभागितामा परेंका योजनाको हकमा वडा कार्यालयको सिफारिस अनुसार योजना परिवर्तन गर्ने ।
  - ५० प्रतिशत लागत सहभागितामा योजना सम्पन्न गर्ने गरी रकम विनियोजन भएका योजनाहरुको हकमा वडा कार्यालयको सिफारिस आधारमा सोही टोल वा वडाको अर्को योजना वा सोही योजनाको स्वरुप परिवर्तन गरी ५० प्रतिशत लागत सहभागितामा योजना संचालन गर्ने ।
- सार्वजनिक विद्यालय, मन्दिर लगायतका समुदायमा आधारित अन्य संघ संस्थाहरुको हकमा संस्थाको माग अनुसारको योजना संचालन गर्ने निर्णय गरियो ।